# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०        संख्याः ५        मितिः २०८३/०५/१६

भाग — २

## देवघाट गाउँपालिकाको अनुदानमा उन्नत तथा क्रस जातको बोका वितरण कार्यविधि, २०८३

# देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको अनुदानमा उन्नत तथा क्रस जातको बोका वितरण कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत भएको मिति: २०८३/०५/१६

प्रमाणीकरण र प्रकाशन मिति: २०८३/०५/१६

**प्रस्तावनाः**

कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नु बाख्रापालक कृषकको एक महत्वपूर्ण पक्ष भएकोले गाउँपालिका भित्र बाख्रापालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकण र आधुनिकीकरण साथै बाख्राको नश्ल सुधारलाई प्रोत्साहन गर्न गाउँपालिकाबाट नेपालको संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले देवघाट गाउँपालिकाको अनुदानमा उन्नत तथा क्रस जातको बोका बितरण कार्यबिधि, २०८३ जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ र क्षेत्रः** (१) यस कार्यबिधिको नाम **देवघाट गाउँपालिकाको अनुदानमा उन्नत तथा क्रस जातको बोका बितरण कार्यबिधि, २०८३** रहेको छ।

(२) यो कार्यबिधि देवघाट गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

(३) यो कार्यबिधि देवघाट गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

## परिच्छेद २

## परिभाषा

**२. परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(१) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिकालाई जनाउँदछ।

(२) ‘‘शाखा प्रमुख’’ भन्नाले देवघाट गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाको प्रमुख सम्झनु पर्दछ।

(३) ‘‘गाउँकार्यपालिका’’ भन्नाले देवघाट गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(४) ‘‘समिति’’ भन्नाले छनौट समिति सम्झनु पर्दछ।

(५) ‘‘कृषक’’ भन्नाले बाख्रापालनमा संलग्न कृषक, फर्म वा समूहलाई जनाउँछ।

(६) ‘‘पशु’’ भन्नाले बाख्रा प्रजातीको चौपाया जनावरलाई जनाउँदछ।

(७) ‘‘ब्याड बोका’’ भन्नाले प्रजननको उद्देश्यले पालिएको ९ महिनामा सरदर २५ किलोग्राम तौल पुगेको बाख्रा **प्रजातीको पुलिङ्गी** जनावरलाई जनाउदछ।

(८) ‘‘अनुदान’’ भन्नाले देवघाट गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम बमोजीम उन्नत तथा क्रस जातको ब्याड बोका वितरणका लागि ब्याड बोकाको खरीद मूल्यमा कृषकलाई उपलब्ध गराउने पचास प्रतिशत अनुदान रकम सम्झनु पर्छ।

## परिच्छेद ३
## उद्देश्यहरु

**३. उद्देश्यहरुः**

(१) कृषकहरुले पालन गरेको बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नु।

(२) कृषि क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशीलताको प्रबर्धन गर्नु।

## परिच्छेद ४

## छनौट प्रक्रिया

**४. छनौट समितिः** उन्नत तथा क्रसजातको व्याडबोका अनुदानका लागि लाभग्राही छनोट गर्न देहाय बमोजिमको छनौट समिति हुनेछः

| | | |
|---|---|---|
| (क) सम्बन्धित बिषयगत समिति संयोजक | संयोजक | १ जना |
| (ख) योजना शाखा प्रमुख | सदस्य | १ जना |
| (ग) पशुपन्छी तथा मत्स्य बिकास शाखाको प्रमुख | सदस्य सचिव | १ जना |

**५. छनौट समितिको काम कर्तब्य र अधिकारः** छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने।

(ख) लाभग्राहीको छनौट गर्ने।

(ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनको चरणमा लैजाने।

(घ) समिति बैठक सम्बन्धि प्राबधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६. छनौट प्रक्रियाः**

(१) रितपूर्वक पेश हुन आएका निवेदनहरुको आधारमा सम्वन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ।

(२) समितिमा प्राप्त आवेदन उपर छलफल गरी समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ।

## परिच्छेद ५
## कार्यक्रम संचालन प्रक्रिया

**७. संचालन प्रक्रियाः पचास प्रतिशत अनुदानमा उन्नत तथा क्रस जातको व्याड बोका उपलब्ध गराउन देहाय बमोजिम प्रक्रिया अवलम्बन गर्नुपर्नेछः**

क) निवेदन पेश गर्नको लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

ख) निवेदकले अनुसूची- १ बमोजिम आवेदन र कागजातहरू पेश गर्नुपर्नेछ।

ग) स्थलगत अनुगमन, मूल्यांकन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले अनुसूची-२ बमोजिमको मापदण्डको आधारमा अनुदानग्राही छनौट गर्नेछ।

घ) छनौट भएका कृषक, कृषि फर्म, कृषि समूह र सहकारी संग अनुसूची-३ को ढाँचामा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

ङ) तोकेको समय अवधि भित्र सम्झौता गर्न नआएको खण्डमा प्राथमिकताको आधारमा अर्को कृषकलाई कार्यक्रम प्रदान गरिने छ।

च) सम्झौता भइसकेपछि छनौटमा परेका कृषकले प्राविधिक अनुमान बमोजिम उन्नत जात वा क्रस जातको बोका खरीद गर्ने कार्य गर्नुपर्छ।

छ) उन्नत जात वा क्रस जातको बोका खरीद गर्नको लागि गाउँपालिका कार्यालयबाट पचास प्रतिशत अनुदान वा प्रति कृषक बढीमा रु. १५,०००/- का दरले अनुदान प्रदान गरिनेछ र कृषकले कम्तिमा पचास प्रतिशत बराबरको रकम लागत साझेदारी गर्नुपर्नेछ। अनुदान रकममा नियमानुसार कर कट्टी गरिनेछ।

ज) अनुदानबाट प्राप्त ब्याड बोका पालक कृषकको दायित्व तथा शर्त दफा १४ बमोजिम हुनेछ।

झ) अनुदानबाट प्राप्त ब्याड बोका पालक कृषक/फर्म वा समुहले अनुसूची-४ बमोजिमको संक्षिप्त कार्ययोजना निबेदन साथ पेश गर्नु पर्नेछ।

**८. अनुदान रकम र भुक्तानी प्रक्रिया:**

क) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराइने छैन र अन्य आवश्यक श्रोत/साधन आवेदक आफैले व्यवस्थापन गरी कार्यक्रम

संचालन गर्नुपर्नेछ।

ख) कार्य सम्पन्न भएपछि तपशीलका कागजातहरू गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरेपछि नियमानुसार अनुदान रकम एकमुष्ट भुक्तानी गरिनेछ।

**तपसिल:**

(क) खरीद गरी ल्याईएको बोकाको फोटो ३ प्रति
(ख) आवश्यक बिल भर्पाई
(ग) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्य सम्पन्न भएको निर्णयको प्रतिलिपि
(घ) वडा स्तरीय अनुगमन प्रतिवेदनको सिफारिस प्रति
(ङ) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि दिइएको सिफारिसको सक्कल प्रति
(च) कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन
(छ) भुक्तानीको लागि निवेदन

**९. अनुगमनः** (१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा पशुपन्छी तथा मत्स्य विकास शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

**१०) भुक्तानी दिन बाध्य नहुनेः** सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा वा काम सम्पन्न गरी भुक्तानी लिन नआएमा गाउँपालिकाले त्यस्ता लाभग्राही कृषक/फर्म वा समूहलाई अनुदान रकम दिन बाध्य हुने छैन।

## परिच्छेद ६
## विविध

**११. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका बिषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१२. बाधा अड्काउ फुकाउः** यो कार्यबिधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ ।

**१३. संशोधनः** यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

**१४. कृषकको दायित्व र शर्तहरुः** अनुदानमा व्याड बोका प्राप्त गर्ने कृषकले देहाय बमोजिमको दायित्व र शर्त पालन गर्नुपर्नेछः

(क) अनुदानमा प्राप्त ब्याड बोकालाई कम्तीमा २ बर्ष सम्म बिक्री गर्न वा अन्यत्र हस्तान्तरण गर्न पाइने छैन ।

(ख) बोका बिरामी परेमा तुरुन्त देवघाट गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखामा जानाकारी गराई उपचार गराउनु पर्नेछ ।

(ग) आफ्नो क्षेत्रका अन्य कृषकका बाख्राहरुलाई पनि प्रजननको सेवा दिनु पर्नेछ तर सेवा पाउने पशुलाई सङ्क्रामक रोग बिरुद्धको खोप अनिवार्य लगाएको हुन पर्नेछ । (प्रजननको सुबिधा लिए बापत वडा कार्यालयले सेवा शुल्क तोक्न सक्नेछ) ।

(घ)पचास प्रतिशत अनुदानमा प्राप्त बोकाको प्रत्येक बर्ष अनिवार्य बिमा गर्नु पर्नेछ ।

(ङ) बोका हराएमा वा मृत्यु भएमा तुरुन्त वडा कार्यालय र पशुपन्छी तथा मत्स्य विकास शाखामाको सिफारिस सहित विबरण बुझाउनु पर्नेछ ।

**१५. कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची – १**
**दफा ७ (ख) सँग सम्बन्धित**
**अनुदान कार्यक्रम माग गर्ने पेश गर्ने निवेदनको ढाँचा**

**मिति:.................**

श्रीमान् शाखा प्रमुख ज्यू,
पशुपन्छी तथा मत्स्य विकास शाखा,
देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
देवघाट, तनहुँ ।

**विषय:** पचास प्रतिशत अनुदानमा उन्नत तथा क्रस जातको बोका बितरण कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा देवघाट गाउँपालिका, पशुपन्छी तथा मत्स्य विकासबाट मिति ....................मा प्रकाशित सूचना अनुसार पचास प्रतिशत **अनुदानमा उन्नत तथा क्रस जातको बोका बितरण** कार्यक्रम शीर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपसिलका कागजातहरू संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरू:**
१) अघिल्ला दुई आर्थिक बर्षमा कुनै कार्यालय / संस्थाबाट अनुदान प्राप्त गरे वा नगरेको उल्लेख गरी अनुदान लिन उपर्युक्त भएको भएर सिफारिसको निवेदन
२) आवेदकले आफैले संचालन गर्ने व्यवसायको परिचय पेश गर्ने
३) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
४) नवीकरण भएको दर्त प्रमाण पत्रको प्रतिलिपि एक प्रति
५) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति (भए)

६) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्न लागि गरेको निर्णय प्रतिलिपि
७) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धितो प्रमाणपत्रको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा २ वर्षका लागि भाडामा लिएको भन्ने कागजातको प्रतिलिपि
८) कार्यक्रम संचालन हुने आर्थिक बर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि
९) सम्बन्धित विषयमा तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

**निवेदकको**

दस्तखत:
नाम, थर:
ठेगाना:
सम्पर्क नम्बर र छाप:

## अनुसूची २

### दफा ७ (ग) सँग सम्बन्धित

| क्र.सं. | कार्यक्रम छनौट तथा मुल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १ | बाख्राको संख्या बढीमा २५ अंक | २० वटा भन्दा बढीको लागि-२५<br>११-२० वटाको लागि- २०<br>५-१० वटाको लागि -१५ |
| २ | खोरको अवस्था २० अंक | परम्परागत वा सुधार नभएको -५ अंक<br>आधुनिक खोर मलमुत्र संकलनको व्यवस्था भएको- १५<br>असल पशुपालनको मापदण्ड पालना भएको- २० |
| ३ | घाँस खेतीको अवस्था अधिकतम २० अंक | डाले घाँस वा भुँई घाँस खेती कम्तीमा १ रोपनी-१० अंक<br>व्यवसायिक रुपमा घाँस खेती २-५ रोपनी-१५ अंक<br>५ रोपनी भन्दा माथि घाँस खेती गरेको- |

| | | |
|---|---|---|
| | | २० अंक |
| ४ | सम्बन्धित बिषयमा ७ दिन भन्दा बढी तालिम लिएको- १५ अंक | क) ७ दिन वा भन्दा बढी अबधिको - १५ अंक<br>ख) ३ दिन भन्दा बढी ७ दिन भन्दा कम अवधिको-१० अंक<br>ग) १ देखि ३ दिन सम्मको- ५ अंक |
| ६ | लक्षित वर्ग १० अंक | सिमान्तकृत-१०, दलित/जनजाति-७ र अन्य-५ |
| ७ | प्रस्तावकको मुख्य पेशा ५ अंक | क) मुख्य पेशा भएमा - ५<br>ख) सहायक पेशा भएमा – ३ |
| ८ | फर्म दर्ता भएको ५ अंक | क) ३ बर्ष भन्दा बढी भएको- ५<br>ख) १ बर्ष देखि ३ बर्ष भएको- ३<br>ग) १ बर्ष भन्दा कम समयको-१ |

## अनुसूची-३

### दफा ७ (घ) सँग सम्बन्धित

### पचास प्रतिशत अनुदानमा उन्नत तथा क्रस जातको बोका बितरण कार्यक्रम का लगि सम्झौता पत्रको ढाँचा

### सम्झौता पत्र

श्री देवघाट गाउँपालिका ( पशुपन्छी तथा मत्स्य विकास शाखा) ( यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला देवघाट गाउँपालिका वडा नं ......स्थित .............................मा स्थापना भएको श्री ...................................मा स्थापना भएको श्री .................................................. कृषक/फर्म/समूह .................................. (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी/सहकार्यमा २०८३/८४ को स्विकृत अनुसार पचास प्रतिशत अनुदानमा उन्नत तथा क्रस जातको बोका बितरण कार्यक्रम देवघाट गाउँपालिका वडा नं. ............ मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता - पत्रमा हस्ताक्षर गरी लियौं / दियौं।

तपसिलः

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२.पहिलो पक्षले नियमानुसार कर कट्टी गरी पचास प्रतिशत अनुदानमा उन्नत तथा पचास प्रतिशत क्रस जातको बोका खरीद कार्यको लागि कुल लागत मध्ये बढीमा १५०००। (अक्षेरुपी पन्ध्र हजार रुपैया मात्र ) वा कुल लागतको पचास प्रतिशत मध्ये जुन रकम न्यून हुन्छ सोही रकम अनुदान स्वरुप दोस्रो पक्षलाई उपलब्ध गराइनेछ। अनुदान रकम बराबरको रकम बोका पालक कृषक स्वयंले लगानी गरेको प्रष्ट हुने विल भरपाई पेश गर्नेपर्नेछ।

३. पचास प्रतिशत अनुदानमा उन्नत तथा पचास प्रतिशत क्रस जातको बोका खरीद कार्य दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई वा गाउँ पालिकाको निर्देशनमा कृषक आफैले खरिद गर्न सक्नेछ।

४. सम्झौता भएको मितिले ७ दिन भित्र उन्नत तथा क्रस जातको बोका खरिद कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

५. बोका खरिद कार्य सम्पन्न भए पश्चात दोस्रो पक्षले उल्लेखित कागजातहरु गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

क) आवश्यक बिल भरपाई

ख) अनुदान कार्यक्रम संचालन भएको स्थान को फोटो ३ प्रति

ग) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडास्तरीय अनुगमन समितिको प्रतिवेदनको सक्कल प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्य सम्मपन्न भएको निर्णयको प्रतिलिपि

च) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन

छ) भुक्तानीको लागि निबेदन

६. यस सम्झौतामा उल्लेख भएका विषयहरु दुवै पक्षलाई मान्य हुनेछ र कुनै समस्या आइपरेमा प्रचलित कानून बमोजिम गर्ने गरी दुवै पक्ष सहमत हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम,थरः | नाम,थरः |
| पदः | पदः |
| संस्थको नाम र छापः | संस्थको नाम र छापः |
| मितिः | मितिः |

रोहबरः

नाम, थरः

पद

## अनुसूची- ४

## दफा ७ (झ) सँग सम्बन्धित

## प्रस्ताव-पत्र

१. निवेदक/आवेदकका र सम्पर्क व्यक्ति सम्बन्धी विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| निवेदक/आवेदक संस्थाको किसिम (कनै एकमा चिन्न लगाउने) | १. कृषक समुह<br>२. सहकारी<br>३. दर्तावाला फर्म<br>४. कृषक |
| प्रोपाईटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नं | |

| | |
|---|---|
| | |
| संस्थाको मुख्य उद्देश्य | |
| कार्यक्रम संचालन हुने स्थान | |
| अन्य स्रोत वा वित्तीय सहकार्यमा कुनै काम भईरहेको भए कुन संस्थाबाट के उद्देश्यको लागि वित्तीय सहयोग प्राप्त गर्नु भएको खुलाउनुहोस | |

**२. हालको व्यवसायिक विवरणः**

| क्र.सं. | व्यवसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रबिधिको प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मासु उत्पादन | | | | | |
| | पाठापाठी उत्पादन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रजनन | | | | | |
| २ | हालको पूर्वाधार र क्षमता | | | | | |
| | (क) खोरको प्रकारः आधुनिक/ परम्परागत | | | | | |
| | (ख) खोरमा मलमुत्रको व्यवस्था | | | | | |
| | (ग) खोरमा जैबिक र जंगली जनावरबाट सुरक्षा | | | | | |
| | (घ) बाख्रा संख्याः माउ..... गोटा, छतौरा छतौरी ........... गोटा, खसी/बोका....... गोटा | | | | | |
| ३ | आहार तथा घाँसको व्यवस्थापन योजना | | | | | |
| | (क) डालेघाँस भुँई घाँस गरेको क्षेत्रफल ...... रोपनी | | | | | |
| | (ख) मुख्य रुपमा लगाईएको घाँसको प्रजाति | | | | | |
| | (ग) हिउद तथा खडेरीको समयमा आहार व्यवस्थापनः | | | | | |
| ४ | बोका प्रप्त गरेपछिको व्यवस्थापन र प्रजनन योजना | | | | | |

| | |
|---|---|
| | (क) बोका राख्ने छुट्टै खोरको व्यवश्था छ/छैन |
| | (ख) बथानमा हाडनाता रोक्ने उपाय |
| | (ग) छिमेकी कृषकलाई प्रजनन सुविधा उपलब्ध गराउने तालिकाः<br>१. आफ्नो वडा/टोलका कृषकका बाख्रालाई दिने<br>२. प्रजनन् शुल्क (वडा कार्यालयले तोकेको वा आपसी सहमतिमा) रु. .... प्रति बाख्रा प्रति साईकल |
| ५ | पशु स्वास्थ्य तथा खोप तालिका योजना |
| | (क) नियमित रुपमा PPR खोप लगाउने प्रतिवद्धता छ/छैन। |
| | (ख) आन्तरिक तथा बाह्य परजीवी विरुद्ध औषधि खुवाउने अन्तराल प्रत्येक .......... महिना। |
| | (ग) पशु विरामी पर्दा सम्पर्क गर्ने प्राबिधिक/ निकायः |
| ६ | आगामी २ बर्षको अनुमानित उत्पादन आर्थिक लक्ष्य |
| | (क) हालको बार्षिक पाठापाठी उत्पादनः ........... गोटा |

| | |
|---|---|
| | (ख) उन्नत जातको बोका प्राप्त गरेपछि बर्ष दिनमा पुऱ्याउने लक्ष्यः ........... गोटा |
| | (ग) अनुमानित बार्षिक खुद आम्दानी बृद्धि लक्ष्य(रु) ........... |
| | (घ) बजार योजनाः |
| | (ङ) नवीनतम सोच र दिगोपनाः |

कृषक/ फार्म सञ्चालकको प्रतिबद्धताः

माथि उल्लेखित कार्य योजना बमोजिम म मेरो फर्म व्यवस्थित रुपमा सञ्चालन गर्नेछु र देवघाट गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको अनुगमन टोलीलाई आवश्यक सहयोग गर्नेछु ।

कृषकको दस्तखतः

मितिः

आज्ञाले
प्रधुब्न कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत